apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



स्वर्णिम बजेट बनाउँदै, बालेन सुझाव माग्दै
समाचार पृष्ठ २


● वर्ष: १२ ● अंक: ११३ ● पृष्ठ: ४ ● २८ वैशाख २०८३ सोमबार (11 May 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

# मधेश प्रदेशमा मुख्यमन्त्री यादव नेतृत्वको सरकारलाई निरन्तरता दिने ४ दलको निर्णय

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २७ गते**

जनमत पार्टीले समर्थन फिर्ता लिएपछि मधेश प्रदेश सरकारका ४ घटक दलले कांग्रेसको नेतृत्वमा रहेको सरकारलाई निरन्तरता दिने निर्णय गरेको छ।

जनकपुरमा आइतबार बसेको कांग्रेस, जसपा नेपाल, नेकपा र लोसपाको बैठकले मुख्यमन्त्री कृषणप्रसाद यादवको सरकारलाई निरन्तरता दिने र विश्वासको मत यथाशिघ्र लिने निर्णय गरेको छ।




बैठकमा कांग्रेसबाट संसदीय दलका नेता एवं मुख्यमन्त्री यादव, जसपका संसदीय दलका नेता सरोज कुमार यादव, नेकपाको संसदीय दलका नेता युवराज भट्टराई र लोसपाबाट मन्त्री रहेकी रानी तिवारीको उपस्थिति थियो।

जनमतले फिर्ता लिएपछि मुख्यमन्त्री यादवले बुधबार विश्वासको मत लिने भएका छन्।

सरकार टिकिरहन चाहिने संख्या ४ दलसँग पुग्छ। मधेश प्रदेश सभामा हाल १ सय १ सांसद छन्। कांग्रेसका २२, एमालेका २४, जनमतका १२, नेकपाका १५, जसपा नेपालका २६, नागरिक उन्मुक्ति पार्टी, नेपाल संघीय समाजवादी पार्टीका १-१ जना सांसद छन्। यसअघि, मधेश प्रदेश सभामा १ सय ७ जना सांसद थिए।

लोसपाका अभिराम शर्मा, जसपाका सरोजसिंह कुशवाहा र राप्रपाकी कञ्चन बिच्छा निलम्बित छन् भने जनमतका सतीशकुमार सिंह, नेकपाका भरतप्रसाद साह र रहबर अन्सारी प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवार हुँदा प्रदेश सांसदबाट राजीनामा गरेका थिए।

# आजदेखि देशभर 'सरसफाइ सप्ताह'

**अपन दैनिक संवाददाता**




सरकारले सार्वजनिक सेवा प्रवाहलाई मर्यादित, स्वच्छ र वातावरणमैत्री बनाउन आज (सोमबार)देखि आगामी जेठ १ गतेसम्म देशभर 'सरसफाइ सप्ताह २०८३' सञ्चालन गर्ने घोषणा गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एक विशेष मार्गदर्शन जारी गर्दै सङ्घीय मन्त्रालयदेखि स्थानीय तहसम्मका सबै निकायलाई यस अभियानमा सक्रिय सहभागी हुन निर्देशन दिएको हो।

उक्त राष्ट्रिय अभियानको औपचारिक उद्घाटन आज बिहान ८:३० बजे वीर अस्पतालबाट स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री निशा मेहेताको उपस्थितिमा हुने तय भएको छ।

यस अभियानले सरकारी निकायमा न्यून लागतमा अधिकतम प्रतिफल प्राप्त हुने गरी सरसफाइ मापदण्ड कार्यान्वयन गर्ने लक्ष्य सरकारले जारी गरेको 'सरसफाइ सप्ताह सञ्चालनसम्बन्धी मार्गदर्शन, २०८३'मा समावेश छ।

सरकारी कार्यालयमा नियमित सरसफाइ र फोहोर व्यवस्थापनको स्पष्ट मापदण्ड नहुँदा सेवा प्रवाह, कर्मचारी र सेवाग्राहीको स्वास्थ्यमा नकारात्मक असर परिरहेको सन्दर्भमा यो मार्गदर्शन तयार पारिएको हो।

'सरकारी निकायहरूमा स्वच्छ र सुरक्षित कार्य वातावरण कायम गर्न प्रभावकारी सरसफाइ व्यवस्थापन आवश्यक छ,' मार्गदर्शनको पृष्ठभूमिमा उल्लेख गरिएको छ।

मार्गदर्शनअनुसार सरकारी सूचना बोर्ड, नागरिक बडापत्र र सङ्केत चिह्नहरू स्पष्ट तथा व्यवस्थित हुनुपर्नेछ। चर्किएका वा उक्किएका भित्ताहरूको मर्मत र रङ्गरोगन गरिनेछ। मुख्य सेवा क्षेत्र र प्रवेशद्वारलाई आकर्षक तथा सफा राखिनेछ।

यस्तै, सबै शौचालयहरूलाई दुर्गन्धरहित बनाइनेछ र नियमित पानीको व्यवस्था सुनिश्चित गरिनेछ।

बाँकी पृष्ठ ३

# 'नयाँ कमला पुल'लाई बजेटमा पार्न जनदबाब अभियान



> सुझाव पोर्टलमार्फत सरकारलाई दबाब दिन अपिल, डेढ दशकदेखि अलपत्र पुलले सिरहा-धनुषाका हजारौँ नागरिक प्रभावित

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २७ गते**

सिरहा धनुषा जोड्ने "नयाँ कमला पुल" निर्माणका लागि आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा रकम सुनिश्चित गराउन जनस्तरबाट दबाब सिर्जना गर्ने अभियान सुरु गरिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सञ्चालन गरेको सुझाव संकलन पोर्टलमार्फत नागरिकलाई पुल निर्माणलाई प्राथमिकतामा राख्न सुझाव पठाउन अपिल गरिएको हो।

इन्जिनियर प्रविण कुमार यादवले सामाजिक सञ्जालमार्फत नागरिकलाई सक्रिय सहभागिताका लागि आग्रह गर्दै "नयाँ कमला पुल"लाई बजेटमा समावेश गर्न सामूहिक दबाब आवश्यक रहेको बताएका छन्। उनले कम्तीमा १० हजार नागरिकले सुझाव पठाउन सके सरकारमाथि प्रभावकारी जनदबाब सिर्जना हुने दाबी गरेका छन्। "घरमै बसेर सबैले यो काम गरौँ," भन्दै उनले सुझाव पोर्टलको लिंकसमेत सार्वजनिक गरेका छन्।

कमला पुल हुलाकी राजमार्ग अन्तर्गत निर्माणाधीन भए पनि विगत करिब डेढ दशकदेखि अलपत्र अवस्थामा छ। पटक-पटक निर्माण अवधि थपिए पनि पुल सम्पन्न हुन नसक्दा स्थानीयवासी वर्षायाममा सास्ती खेप्दै आएका छन्। पुल

बाँकी पृष्ठ २

# सप्तरीको बभनगामामा आगलागी: २० घर नष्ट, ५० लाखबराबरको क्षति

**अपन दैनिक संवाददाता**
**सप्तरी, वैशाख २७ गते**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका- ६, बभनगामामा शनिबार राति आगलागी हुँदा २० वटा घर जलेर नष्ट भएका छन्।

रामअवतार यादवको घरनजिक विद्युत् सर्ट भएर आगलागी भएको प्रहरीले जनाएको छ। गाउँका



अधिकांश स्थानीय विवाह भोजमा

बाँकी पृष्ठ ३

# मधेशका विभिन्न स्थानमा सरकारविरुद्ध प्रदर्शन




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २७ गते**

मधेश प्रदेशका विभिन्न स्थानमा प्रधानमन्त्री बालेन्द्र शाहविरुद्ध भूमिहीन सुकुम्बासीहरूले विरोध प्रदर्शन गरेका छन्।

भूमि तथा आवासको अधिकार सुनिश्चित गर्न माग गर्दै धनुषाको ढल्केबरमा सुकुमवासी समुदायले प्रदर्शन गरेका छन्।

राष्ट्रिय भूमि अधिकार मञ्चद्वारा धनुषाको ढल्केवर, महोत्तरीको बर्दिबास र रौतहटको चन्द्रपुरमा सरकारविरुद्ध नाराबाजी गर्दै सुकुमवासी बस्तीमा 'डोजर चलाउन पाइँदैन आवासको अधिकार सुनिश्चित गर' भन्ने नारासहित सुकुम्बासीहरुले प्रदर्शन गरेका हुन्।

ढल्केवरमा आयोजित प्रदर्शनमा सहभागीहरूले 'उठिबास बन्द गर', 'भूमि र आवासको अधिकार सुनिश्चित गर' तथा 'जीवन र जीविकाको अधिकार कायम गर' लगायतका नारा लेखिएका प्लेकार्ड बोकेर ढल्केबर बजार भरि प्रदर्शन गरेका थिए।

प्रदर्शन पश्चात आयोजित कोणसभालाई सम्बोधन गर्दै भूमि अधिकार मञ्चका केन्द्रीय सदस्य इच्छाराम परियारले सुकुमवासी बस्ती हटाउनुभन्दा पहिले राज्यले वैकल्पिक व्यवस्थापन गर्नुपर्ने माग गरे।

यस्तै, महोत्तरीको बर्दिबासमा आयोजित प्रदर्शनमा प्रदर्शनकारीहरूले सुकुमवासीलाई विस्थापित नगरी सुरक्षित आवासको व्यवस्था गर्नुपर्ने

बाँकी पृष्ठ ४




**श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं ।**

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं ।
- न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं ।
- बाल श्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं ।
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं ।
- श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं ।
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं ।
- श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं ।
- श्रम ऐन तथा नियमहरूको पालना गरौं ।
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

## बरियारपट्टी नाका पुर्नः स्थापना गर

सिरहा जिल्लाको दक्षिण-मध्य क्षेत्रमा रहेको बरियारपट्टी छोटी भन्सार नाका बन्द गरिएको छ । यो भन्सार नाका राजस्व उठाउने मात्र केन्द्रित थिएन । सीमावर्ती जनजीवनको आर्थिक गतिविधि र समान्यरुपमा आवत जावतको केन्द्र पनि थियो । भारतको लदनिया बजारसँग प्रत्यक्ष जोडिएको यस नाकाबाट दैनिक उपभोग्य सामग्री, साना व्यापारिक कारोबार तथा स्थानीय आवतजावत सहज हुँदै आएको थियो । तर सरकारले राजपत्रमार्फत नाका बन्द गर्ने निर्णय सार्वजनिक गरेपछि विरोध भैरहेको छ । हुलाकी राजमार्ग नै ठप्प हुनेगरी लगातार आन्दोलन भइरहेका छ । तर सरकारको तर्फबाट अझै स्पष्ट र व्यवहारिक जवाफ आएको देखिँदैन् । सीमावर्ती क्षेत्रका नागरिकका लागि छोटी नाका प्रशासनिक संरचना होइन । जीवनयापनसँग जोडिएको एउटा सुविधा दिने कार्यालय हो ।

विशेषगरी साना व्यापारी, किसान, मजदुर तथा दैनिक किनमेल गर्ने सर्वसाधारण प्रत्यक्ष प्रभावित भएका छन् । बरियारपट्टी नाका बन्द भएपछि लदनिया बजारसँग हुँदै आएको कारोबार अवरुद्ध भएको छ । यसले स्थानीय अर्थतन्त्र सुस्त बनाएको मात्र होइन, वैकल्पिक व्यवस्था नहुँदा अवैध आवतजावत र चोरी-तस्करी बढ्ने खतरा समेत देखिएको छ । राज्यले नियन्त्रणका नाममा वैधानिक मार्ग बन्द गर्दा गैरकानुनी गतिविधि प्रोत्साहित हुने विडम्बना विगतमा पनि देखिएको विषय हो । स्थानीय व्यवसायी, राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि तथा प्रदेश र संघीय सांसदसम्म एकै स्वरमा पुनःस्थापनाको माग गरिरहेका छन् । यसले नाका बन्दको निर्णय स्थानीय आवश्यकता र जनभावना विपरीत भएको संकेत गर्छ । कुनै पनि सरकारी निर्णय गर्दा त्यसले स्थानीय समाज, अर्थतन्त्र र जनजीवनमा पार्ने प्रभावको गम्भीर अध्ययन आवश्यक हुन्छ । तर बरियारपट्टी नाका बन्द गर्ने निर्णयमा त्यस्तो पर्याप्त परामर्श र अध्ययन भएको अनुभूति स्थानीयवासीले गर्न सकेका छैनन् ।

सरकारले भन्सार नाकाको व्यवस्थापन, राजस्व चुहावट नियन्त्रण वा सुरक्षा संवेदनशीलताको प्रश्न उठाउन सक्छ । तर समाधानको उपाय नाका नै बन्द गर्नु मात्र हुन सक्दैन । व्यवस्थापन सुधार, प्रविधिको प्रयोग, जनशक्ति सुदृढीकरण तथा निगरानी बढाएर पनि समस्या समाधान गर्न सकिन्छ । सीमावर्ती क्षेत्रमा राज्यको उपस्थिति कमजोर बनाउने निर्णय दीर्घकालमा हानिकारक बन्न सक्छ । अर्कोतर्फ, मधेशका सीमावर्ती क्षेत्रहरू पहिलेदेखि नै विकास र पूर्वाधारका दृष्टिले पछाडि परेका छन् । यस्ता क्षेत्रमा रहेको सानो आर्थिक गतिविधि समेत बन्द हुँदा बेरोजगारी, पलायन र आर्थिक संकट अझ गहिरिने खतरा हुन्छ । त्यसैले बरियारपट्टी नाकाको विषयलाई केवल प्रशासनिक निर्णयको रूपमा होइन, सीमावर्ती जनताको जीवन र क्षेत्रीय अर्थतन्त्रसँग जोडिएको संवेदनशील सवालका रूपमा हेर्न आवश्यक छ । सरकारले आन्दोलनरत पक्षसँग तत्काल संवाद गरी व्यावहारिक समाधान खोज्नुपर्छ । स्थानीय जनभावना, आर्थिक आवश्यकता र सीमावर्ती क्षेत्रको यथार्थलाई मध्यनजर गर्दै बरियारपट्टी छोटी भन्सार नाका पुनः सञ्चालन गर्ने विषयमा गम्भीरता देखाउनु पर्छ । जनताको सहज जीवन र स्थानीय अर्थतन्त्रलाई बेवास्ता गरेर लिइने निर्णय दीर्घकालमा टिकाउ हुन सक्दैन । यस कुरालाई बुझ्दै सिरहाको बरियारपट्टी छोटी भन्सार नाका संचालन गरि नागरिकलाई सुविधा प्रदान गर्नै पर्छ ।

# स्वर्णिम बजेट बनाउँदै, बालेन सुझाव माग्दै

**प्रयास श्रेष्ठ**



सरकारले आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि सर्वसाधारणबाट सुझाव माग गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले शनिबार बेलुका छुट्टै पोर्टल सार्वजनिक गर्दै निर्माणाधीन आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट, नीति तथा कार्यक्रमका सन्दर्भमा सुझाव माग गरेको हो ।

प्रधानमन्त्रीमातहतको कार्यालयले पोर्टल सार्वजनिक गर्दै भनेको छ, 'नेपाली जनताको आवश्यकता तथा अपेक्षालाई आत्मसात् गर्दै बजेट, नीति तथा कार्यक्रम तर्जुमासम्बन्धी प्रक्रियालाई पारदर्शी, प्रभावकारी तथा सहभागितामूलक बनाउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सुझाव संकलन सार्वजनिक पोर्टलको शुभारम्भ गरिएको छ ।'

यस पोर्टलमार्फत नेपाली नागरिक, सम्बन्धित विषयको विषयविज्ञ, नीति निर्माताहरूबाट बजेट, नीति तथा कार्यक्रम/आयोजना निर्माणसम्बन्धी महत्त्वपूर्ण सुझावहरू प्राप्त गर्ने अपेक्षा गरिएको छ । प्राप्त सुझावहरूलाई नीतिगत तथा प्रशासनिक तहमा समीक्षा गरी कार्यान्वयन गरिँदै लगिनेसमेत सरकारले उल्लेख गरेको छ ।

सुझावहरूको अवस्थाबारे जानकारी लिन 'सुझाव ट्रयाक' सुविधासमेत उपलब्ध गराइएको सरकारले खास १२ वटा क्षेत्रगत सुझाव रणनीति बनाएको छ । अन्तरसरकारी समन्वय, अर्थ उद्योग, वाणिज्य, सार्वजनिक वित्त व्यवस्थापन पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, विज्ञानको क्षेत्रमा बजेट तयारीका लागि सुझाव माग गरिएको छ ।

यसैगरी वन तथा वातावरण, भूमि प्रशासन, सामाजिक सुरक्षा, नागरिक सेवा, सुशासन, कानुन तथा न्याय र कर्मचारी प्रशासनका मुद्दामा समेत सरकारले नागरिकसँग सुझाव माग गरेको छ ।

**स्वर्णिम बजेट बनाउँदै, बालेन सुझाव माग्दै**

अर्थ मन्त्रालय यतिबेला बजेट निर्माणको तीव्र तयारीमा छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्ले बजेट निर्माणमा आफैं लागिपरेका छन् भने मन्त्रालयका कर्मचारीहरूलाई परिचालन गरिरहेका छन् । यो अर्थ मन्त्रालयको जिम्मेवारी हो ।

तर, बजेटकै सन्दर्भमा यसपटक सिधै प्रधानमन्त्री कार्यालयले छुट्टै पोर्टल नै खडा गरेर सुझाव माग गरेपछि चर्चा सुरु भएको छ । अर्थ मन्त्रालय र अर्थमन्त्रीमाथि सिधैं प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) हावी भएको चर्चा सुरु भएको छ ।

यद्यपि, बजेट, नीति तथा कार्यक्रम अर्थको मात्र नभएर सरकारकै कार्यक्रम भएकाले प्रधानमन्त्री कार्यालयले नयाँ ढंगबाट काम गर्न खोजेको हुन सक्ने अर्थ मन्त्रालयका सहसचिव एवं बजेट निर्माण तथा लेखन समितिका सदस्य टंकप्रसाद पाण्डे बताउँछन् ।

पाण्डेले भने, 'बहुमतसहितको रास्वपाको एकल सरकार छ, केही नयाँ गरौं भन्ने उहाँहरूको हुटहुटी छ । सरकारात्म सोचसहित बजेट निर्माणका सन्दर्भमा नीति तथा कार्यक्रमका लागि मन्त्रालयगत समन्वयमा सुझाव माग गरिएको हुन सक्छ ।'

अर्थले बजेट बनाउने तर प्रधानमन्त्री कार्यालयले सुझाव माग गर्ने देख्दा असहज भए पनि सरकारकै अंगको रूपमा बुझ्नुपर्ने उनले बताए ।

सरकारले सोमबारदेखि सुरु हुने बजेट अधिवेशनमा नीति तथा कार्यक्रम सार्वजनिक गर्ने तयारी गरेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसदको संयुक्त बैठकमा सरकारको आगामी वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गर्नेछन् ।

तर, एक दिनअघि मात्र सार्वजनिक भएको सरकारको सुझाव पोर्टलले कति सुझाव लिन सक्छ र नीति तथा कार्यक्रममा समेटिन्छन् भन्ने प्रश्न महत्त्वपूर्ण छ । उसो त प्रधानमन्त्री कार्यालयले पोर्टलमार्फत बजेटकै सन्दर्भमा सर्वसाधारण, विज्ञ, सरोकारवालाहरूसँग सुझाव माग गरिरहेको छ ।

**रास्वपाको एकल सरकारले कस्तो बनाउँदै छ, बजेट ?**

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले रास्वपा सरकारले बनाउने बजेट पार्टीकै नीतिबमोजिम वाचापत्र अनुसार नै हुने प्रस्ट पारिसकेका छन् । केही दिनअघि एक सार्वजनिक कार्यक्रममार्फत वाग्लेले भनेका थिए, 'सरकारको योजना, उद्देश्य तथा लक्ष्य स्पष्ट छ । पार्टीले चुनावका बेला जुन वाचापत्रमार्फत भोट मागेको थियो, सोही वाचापत्र हेरेर प्रचण्ड बहुमतप्राप्त गरेको थियो, सोही कार्यान्वयन गर्छ ।'

वाचापत्रमा उल्लेखित शब्द-शब्द अक्षरशः कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका अर्थमन्त्री वाग्लेले वाचापत्रको १ देखि १९ बुँदासम्म सुशासनका मुद्दा समेटिएको र १९ देखि ४० सम्म अर्थतन्त्रका विषय समेटिएका बताए । सोही बुँदाहरू एकएक कार्यान्वयनमा लैजाने उनले बताए ।

सोही वाचापत्र बजेटमा कार्यान्वयन गर्ने सरकारको नीति रहेको बजेट लेखन टिमका सदस्य पाण्डेले बताए । 'सरकारको स्पष्ट भिजन छ । केही गरौं, देखिने गरी जनताले प्रत्यक्ष महसुस गर्ने गरी यसपटक बजेटमा काम गर्ने सरकारको नीति छ । बजेटलाई बढीभन्दा बढी 'रिजल्ट ओरियन्टेड' बनाउने सरकारको योजना छ,' पाण्डेले भने ।

**बहुवर्षीय आयोजनाको 'टाइमलाइन' तोक्ने**

सरकारले यसपटक राष्ट्रियस्तरका बहुवर्षीय तथा राष्ट्रिय गौरवका आयोजनाहरूको टाइमलाइन तोक्ने भएको छ । अर्थात्, यस्ता ठूला आयोजनाको निर्माणमा वार्षिक बजेट रिजल्टका आधारमा मात्र दिने प्रणालीको विकास गर्न लागिएको पाण्डेले जानकारी दिए ।

उनले भने, 'अब ठूला आयोजनाहरूका लागि हचुवाको भरमा वार्षिक बजेट विनियोजन हुँदैन । समय तोकेर कति वर्षमा सक्ने हो र कुन वर्ष कति काम गर्ने हो ? तोकेर मात्र सोही अनुसारको बजेट विनियोजन हुन्छ ।'

कुन वर्ष कति काम गर्ने हो ? पहिले नै तोकेर मात्र आयोजनाका लागि बजेट दिने व्यवस्था गरिने उनले बताए । सरकारले यसपटक बजेटलाई बढीभन्दा बढी पारदर्शी र परिणाममुखी (रिजल्ट ओरियन्टेड) बनाउने गरी छोटो र संक्षित बनाउने प्रयाससमेत गरिरहेको उनले बताए । साना तथा खुद्रे परियोजनाहरूलाई भरसक यसपटक संघीय बजेटमा नराख्ने गरी सरकार अघि बढेको पाण्डेले जानकारी दिए ।


झण्डै दुईतिहाइ बहुमतसहितको रास्वपा सरकारले यसपटक खास केही जनलोकप्रिय कार्यक्रम ल्याउने तयारीसमेत गरिरहेको बुझिएको छ ।

## 'नयाँ कमला पुल'लाई बजेटमा पार्न .............

निर्माणमा भएको ढिलाइका कारण सिरहा धनुषाका हजारौं नागरिक प्रत्यक्ष प्रभावित हुँदै आएका छन् ।

स्थानीयवासीका अनुसार वर्षा र बाढीका बेला आवागमन पूर्ण रूपमा प्रभावित हुने गरेको छ । बिरामी, विद्यार्थी तथा सर्वसाधारणले जोखिम मोलेर यात्रा गर्नुपर्ने अवस्था वर्षेनि दोहोरिँदै आएको उनीहरूको गुनासो छ । लामो समयसम्म पुल निर्माण अधुरै रहँदा सरकारको कार्यसम्पादन शैली र विकास आयोजनाको प्रभावकारितामाथि समेत प्रश्न उठ्न थालेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तथा बजेटका लागि नागरिकबाट सुझाव संकलन गरिरहेको जनाएको छ । यही अवसरलाई उपयोग गर्दै "नयाँ कमला पुल"लाई राष्ट्रिय प्राथमिकतामा राख्न जनस्तरबाट दबाब अभियान सुरु गरिएको हो ।




## आजको राशिफल

**मेष :** आज कार्यक्षेत्रमा तपाईंको मान-सम्मान बढ्नेछ । रोकिएका सरकारी कामहरू सुल्झिनेछन् ।

**बृष :** भाग्यले साथ दिनेछ । रोकिएका वैदेशिक कार्यहरूमा प्रगति हुनेछ ।

**मिथुन :** आज स्वास्थ्यमा केही सामान्य समस्या देखिन सक्छ, त्यसैले आहारविहारमा ध्यान दिनुहोला ।

**कर्कट :** दाम्पत्य जीवनमा मधुरता छाउनेछ । नयाँ साझेदारी वा सम्झौताका लागि समय अनुकूल छ ।

**सिंह :** तपाईंका शत्रुहरू कमजोर हुनेछन् । पुराना रोगहरूबाट मुक्ति मिल्नाले शरीरमा नयाँ ऊर्जा महसुस हुनेछ ।

**कन्या :** बौद्धिक र सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ । सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ ।

**तुला :** पारिवारिक विषयलाई लिएर केही चिन्ता बढ्न सक्छ । घरजग्गाको कारोबारमा सावधानी अपनाउनुहोला ।

**वृश्चिक :** दाजुभाइ र सहयोगीहरूको साथले कठिन कामहरू पनि सहजै सम्पन्न हुनेछन् ।

**धनु :** आर्थिक पक्ष बलियो रहनेछ । वाणीको प्रभावले बिग्रिएका सम्बन्धहरू सुध्रिनेछन् ।

**मकर :** आत्मविश्वास र ऊर्जामा वृद्धि हुनेछ । लामो समयदेखि रोकिएका व्यक्तिगत कामहरू पूरा हुनेछन् ।

**कुम्भ :** आज अनावश्यक खर्च बढ्न सक्छ, त्यसैले बजेटमा नियन्त्रण राख्नुहोला ।

**मीन :** आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन् । रोकिएको धन फिर्ता हुन सक्छ ।

**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२




**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

**अपन दैनिक पत्रिका**
❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# संविधान संशोधनबारे छलफल, विभिन्न पार्टीका नेतादेखि मुख्यमन्त्रीसम्मले दिए सुझाव

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २७ गते**




संविधान संशोधनका विषयमा संविधान संशोधन कार्यदल तथा विभिन्न राजनीतिक दल र विज्ञबीच छलफल भएको छ ।

'फेडरालिजम एण्ड लोकलाइजेशन सेन्टर'ले आइतबार आयोजना गरेको 'संविधान संशोधनमा संघीयता र प्रदेश संरचनाको सवाल' विषयक छलफल कार्यक्रममा सरकारले बनाएको संविधान संशोधन कार्यदलसँग राजनीतिक दलका नेता तथा विज्ञहरुबीच अन्तरक्रिया गरिएको हो ।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद तथा संविधान संशोधन कार्यदलका सदस्य मोहनलाल आचार्यले सबै विषयमा तल्लो तहसम्म खुला रुपमा छलफल गरेर संशोधनको मस्यौदा तयार पारिने बताए ।

प्रदेशसभा सदस्यको संख्या र मन्त्रालयको सङ्ख्या घटाउन तथा निर्वाचन प्रणालीबारे सोच्न एवं सच्याउन सकिने उनको भनाइ छ । केही संवैधानिक आयोगलाई जोडेर छाता आयोग बनाउन सकिने उनले उल्लेख गरे ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का तर्फबाट कार्यदल सदस्य देवप्रसाद गुरुङले समय अनुसार सुधार गर्नु राम्रो कुरा भएको उल्लेख गर्दै के संसोधन गर्ने भन्ने विषयमा राष्ट्रिय सहमति आवश्यक भएकामा जोड दिए ।

राष्ट्रिय सहमति बिना संविधान संशोधन गर्ने कुरा सजिलो नभएको उनको भनाइ छ । नेपाली कांग्रेसका नेता तथा संविधानविद् राधेश्याम अधिकारीले संघीयता विकेन्द्रीकरण मात्रै नभएर शक्ति बाँडफाँट पनि हो भन्दै लामो समयदेखि अधिकांश समय देशको शासकीय स्वरुप केन्द्रीकृत भएकाले हाम्रो मानसिकता पनि मूलरुपमा केन्द्रीकृत भएको बताए । उनले प्रत्यक्ष निर्वाचित कार्यकारी नेपाल जस्तो देशमा जोखीमपूर्ण हुनसक्ने बताए ।

नेकपा (एमाले)का नेता तथा संविधान संशोधन कार्यदलका सदस्य डा.भीष्मराज अधिकारीले सरकार के-के विषयमा संविधान संशोधन गर्न चाहन्छ भन्ने कुरा स्पष्ट नभएको बताए । संघीयता बलियो बनाउँदा देश बलियो हुने उनको भनाइ छ ।

मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले संघीयता मधेश प्रदेशको दबाबमा आएको भन्दै यसलाई सुरुआतदेखि नै कमजोर र अधिकारविहीन बनाइएको आरोप लगाए ।

बागमती प्रदेशका पूर्वमन्त्री तथा आदिवासी जनजाति महासंघका अध्यक्ष नीमा ग्यल्मो लामाले आदिवासी जनजातिका मुद्दा संबोधन हुनुपर्ने र संघीयताको मूल मर्म नै प्रदेश संरचना भएको बताए ।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, लुम्बिनी प्रदेशसभा सदस्य नीमा गिरी, बागमती प्रदेश नीति योजना आयोगका पूर्वउपाध्यक्ष तथा भूमि विज्ञ डा. जगत बस्नेत, वरिष्ठ अधिवक्ता तथा मधेस प्रदेशका पूर्वमुख्य न्यायाधिवक्ता सुरेन्द्र महतो, कर्णाली प्रदेश नीति योजना आयोगका पूर्वसदस्य डा दीपेन्द्र रोकाया, लेखक ईन्दु थारुलगायतले आ-आफ्नो धारणा राखेका थिए ।

# काठमाडौँबाट विराटनगर जाँदै गरेको बस धनुषामा पल्टिँदा १७ यात्रु घाइते



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २७ गते**

धनुषाको मिथिला नगरपालिकामा भएको यात्रुवाहक बस दुर्घटनामा परी चालकसहित १७ जना घाइते भएका छन् ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत मिथिला नगरपालिका-९ स्थित फुटवल ग्राउण्ड नजिक दुर्घटना भएको प्रहरीले जनाएको छ ।

काठमाडौँबाट विराटनगरतर्फ जाँदै गरेको बागमती प्रदेश ०१-००६ ख ५२३७ नम्बरको बस ओभरटेक गर्ने क्रममा अनियन्त्रित भई सडकमा पल्टिएको प्रहरीको अनुमान छ ।

घाइते सबैलाई तत्काल उद्धार गरी धनुषाको लालगढस्थित मोडल अस्पतालमा उपचारका लागि पठाइएको ईलाका प्रहरी कार्यालय ढल्केबरले जनाएको छ ।

दुर्घटनापछि सो सडकखण्डको सवारी आवागमन केही समयका लागि प्रभावित बनेको थियो ।

# वडा र पालिकाको अधिवेशन दुई चरणमा गर्ने रास्वपाको निर्णय



**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २७ गते**

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले वडा र पालिका तहको अधिवेशन दुई चरणमा गर्ने निर्णय गरेको छ ।

केन्द्रीय कार्यालय वनस्थलीमा आइतबार बसेको बैठकले वडा, पालिका र जिल्ला तहसम्मका भेला तथा अधिवेशनको तालिका स्वीकृत गरेको हो ।

बैठकको निर्णय अनुसार २ जेठमा समिति गठन नभएका वडाहरूमा वडा भेला हुनेछ । यस्तै, ३ र १६ जेठमा दुई चरणमा हुने गरी वडा अधिवेशनको मिति तय गरिएको रास्वपाले जनाएको छ ।

पालिका अधिवेशन १० र १७ जेठमा गर्ने गरी मिति तय गरिएको छ । समिति गठन नभएका पालिकाहरूमा ९ जेठमा पालिका भेला तथा २५ वैशाख अगावै समिति गठन भएका पालिकाहरूमा १० जेठमा पालिका अधिवेशन गर्ने निर्णय गरिएको छ ।

१० जेठ अगाडि समिति गठन भएका बाँकी पालिकाहरूमा १७ जेठमा पालिका अधिवेशन गर्ने कार्यतालिका पनि तय गरेको छ ।

यस्तै, सचिवालय बैठकले २३ र २४ जेठमा जिल्ला अधिवेशन गर्ने निर्णय गरेको छ ।


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ ।
- दिमागमा असर पर्नसक्छ ।
- समयमा नसुत्न सक्छन् ।
- खानपान तथा दिसापिसाबमा ध्यान नदिन सक्छन् ।
- एकान्तमा बस्न मन पराउन सक्छन् ।
- झिज्याहट हुन सक्छ ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन् ।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन् ।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं ।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)


# 'सुकुमबासी समस्यालाई दीर्घकालीन योजना बनाएर अगाडि बढौं'

**अपन दैनिक संवाददाता**
**चन्द्रपुर(रौतहट), वैशाख २७ गते**



उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले सुकुमबासी समस्याको दीर्घकालीन समाधान गरिनुपर्नेमा जोड दिएका छन् ।

जिल्लाको चन्द्रपुर-२ टेम्पुपार्कमा आज आयोजित कोणसभामा उनले वर्षौंदेखि समस्याका रूपमा रहेका समस्या समाधान गर्दै सुकुमबासीको आवासको हकलाई व्यवस्थित गर्न सरकारलाई आग्रह गरे ।

अध्यक्ष घिसिङले संविधानप्रदत्त शिक्षा, स्वास्थ्य, आवास, खाद्य सुरक्षालगायत मौलिक हक कार्यान्वयनका लागि सरकारको ध्यानाकर्षण गराए । 'वर्षौंदेखि सुकुमबासी, अव्यवस्थित बसोबासी, भूमिहीन नागरिकका समस्या समाधान भइहरेका छैनन् । एउटा दीर्घकालीन योजना बनाएर अगाडि बढौं । ऐलानी जमिनमा बसोबास गर्दै आइरहेका नागरिकका समस्या पनि कानुनी रूपले समाधान गरौं' उनले भने ।

यहाँ चन्द्रपुर नगरपालिकाले नगर क्षेत्रभित्रका सरकारी, सार्वजनिक जग्गा, राजमार्ग, बजार क्षेत्र, राजकुलोलगायत सार्वजनिक जग्गा अतिक्रमण गरेर बनाएका घरटहरालगायत संरचना ३५ दिनभित्र हटाउन सूचना जारी गरिसकेको छ ।

नगरपालिकामा दुई हजार ११९ परिवार भूमिहीन दलित, चार हजार ८६६ भूमिहीन सुकुमबासी र ११ हजार ७९५ परिवार अव्यवस्थित बासोबासी रहेका जिल्लास्थित भूमि समस्या समाधान आयोगले जनाएको छ ।

## सप्तरीको बभनगामामा आगलागी ............

गएको समयमा आगलागी भएकाले आगो तीव्र रूपमा फैलिएको थियो ।

आगलागीबाट करिब ५० लाख रुपैयाँबराबरको धनमाल क्षति भएको स्थानीय बैदनाथ यादवले बताए । उनका अनुसार जोगिन्द्र यादव, जुगाई यादव, गिरिजा यादव, पिंकी कुमारी, राजेन्द्र यादव, धिरेन यादव, राजकुमार यादवलगायत १० परिवारका घर पूर्ण रूपमा जलेर नष्ट भएका छन् ।

वारुण यन्त्र, प्रहरी र स्थानीयवासीको सहयोगमा करिब तीन घण्टापछि आगो नियन्त्रणमा लिइएको थियो ।



## आजदेखि देशभर 'सरसफाइ ............

हात धुने स्थानमा साबुन अनिवार्य गरिएको छ र दैनिक सफाइको अभिलेख राख्नुपर्नेछ । शौचालयहरु महिलामैत्री, स्यानिटरी डिस्पोजल सुविधायुक्त र सम्भव भएसम्म अपाङ्गतामैत्री हुनुपर्नेछ ।

त्यति मात्रै होइन, कार्यालयहरूले कम्तीमा दुई प्रकारका डस्टबिन राखी कुहिने र नकुहिने फोहोर छुट्याउनुपर्नेछ । पुराना काम नलाग्ने सामानहरूको उचित व्यवस्थापन गरिनाका साथै खुला रूपमा फोहोर जलाउन पूर्ण प्रतिबन्ध लगाइएको छ । कार्यालय परिसरको १०० मिटर वरिपरिको क्षेत्र, नाली र ढलहरू सफा हुनुपर्नेछ । पार्किङ क्षेत्रको सुधार र अव्यवस्थित तार वा पोस्टरहरू हटाउनुपर्ने सूचक राखिएको छ ।

कार्यालयमा 'हेल्प डेस्क' को व्यवस्था गरी सेवाग्राहीले सम्मानित र व्यवस्थित महसुस गर्ने वातावरण बनाइनेछ । सूचना प्रणालीलाई पूर्ण रूपमा सञ्चालनमा ल्याइनेछ ।

**दिगोपन र अनुगमनको संयन्त्र**

यो अभियानलाई दिगो बनाउन प्रत्येक निकायले एक 'सरसफाइ सम्पर्क व्यक्ति' तोक्नुपर्नेछ । प्रत्येक हप्ताको सरसफाइ कार्यतालिका निर्माण गरी मासिक रूपमा स्व-मूल्याङ्कन गर्नुपर्ने व्यवस्था मार्गदर्शनले गरेको छ ।

यस अभियानको कार्यान्वयन र अनुगमनको सम्पूर्ण जिम्मेवारी सम्बन्धित निकायको प्रमुखलाई सुम्पिएको छ, जसले यसको नियमित अभिलेख राख्नुपर्नेछ । यो अभियानले सबै सङ्घीय, प्रादेशिक र स्थानीय कार्यालयका साथै सार्वजनिक शैक्षिक संस्थाहरूलाई समेत समेट्नेछ ।

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# रौतहट प्रहरीद्वारा लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान सञ्चालन




**अपन दैनिक संवाददाता**
**रौतहट, वैशाख २७ गते**

रौतहटमा प्रहरीले 'लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान' सञ्चालनमा ल्याएको छ।

रौतहटमा पछिल्ला समय युवापुस्तामाझ लागुऔषधको प्रयोग र कारोबार बढ्दै गएपछि प्रहरीले 'लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान' सञ्चालन गरेको हो।

नेपाल-भारत सीमा क्षेत्र तथा जिल्लाको उत्तरीभेग चन्द्रनिगाहपुरको विभिन्न भू-भागमा लागुऔषध सेवनकर्ता तथा बिक्रीवितरणमा बढोत्तरी भएपछि यसको नियन्त्रणका लागी प्रहरी सक्रिय भएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा लागुऔषध कारोबारसम्बन्धी मुद्दामा २६ जनाविरुद्ध मुद्दा दायर गरेको छ। प्रहरीले ६३ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याएको प्रहरी उपरीक्षक रिजालले जानकारी दिए।

उनका अनुसार लागुऔषध नियन्त्रण केबल पक्राउ र कारबाहीमा सीमित राखेर समस्या समाधान नहुने देखिएपछि जिल्लामा 'लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान' शुक्रबारदेखि सुरु गरिएको हो।

प्रहरीको तथ्याङ्कले रौतहटमा सीमावर्ती क्षेत्र हुँदै लागुऔषध ओसारपसार तथा युवामा यसको प्रयोग बढ्दै गएको देखाइरहेको छ।

विशेषगरी बेरोजगारी, कमजोर पारिवारिक निगरानी, सीमापार सहज आवतजावत र साथीहरूको प्रभावका कारण किशोर तथा युवा वर्ग लागुऔषधको दुर्व्यसनतर्फ आकर्षित भइरहेको प्रउ रिजालको भनाइ छ।

प्रउ रिजालले लागुऔषध दुर्व्यसनलाई केवल कानुनी विषयका रूपमा नभई सामाजिक, पारिवारिक र स्वास्थ्यसँग गाँसिएको जटिल समस्याका रूपमा बुझ्नुपर्ने बताए। पक्राउ गरेर मात्रै समस्या समाधान नहुनेहुँदा खोज, उपचार र सुधारलाई सँगसँगै अघि बढाउनुपर्ने रौतहट प्रहरी प्रमुख रिजालले बताए।

अभियानअन्तर्गत जिल्लाका सबै स्थानीय तहमा पुगेर लागुऔषध सेवनकर्ताको पहिचान, तथ्याङ्क सङ्कलन, परामर्श सेवा, सचेतनामूलक कार्यक्रम तथा आवश्यक परे उपचार र पुनःस्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेसमेत उनले जानकारी दिए।

प्रहरीका अनुसार अभिभावक, शिक्षक, जनप्रतिनिधि, स्वास्थ्य संस्था तथा सामाजिक सङ्घसंस्थासँग सहकार्य गरिनेछ। पहिचान भएका व्यक्तिलाई अपराधीको दृष्टिले नभई सुधार आवश्यक व्यक्तिका रुपमा हेरेर पुनःसमाजमा स्थापित गर्ने रणनीति बनाइएको छ।

लागुऔषध दुर्व्यसनीका कारण पनि एचआइभी एड्स सङ्क्रमितको सङ्ख्या रौतहटमा बढेको पाइएको छ। पछिल्लो तथ्याङ्कअनुसार रौतहटमा एचआइभी एड्स सङ्क्रमितको सङ्ख्या ५४० रहेको छ भने ४२५ जनाले औषधि सेवन गर्दै आएको स्वास्थ्य कार्यालय रौतहटका प्रमुख राजेश सिंहले जानकारी दिएका छन्।

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

## मधेशका विभिन्न स्थानमा ............

माग गर्दै विभिन्न नारासहित सरकारको ध्यानाकर्षण गराएका छन्।

'भूमि हाम्रो अधिकार हो', 'डोजर आतङ्क बन्द गर', 'सुकुमवासीलाई आवास सुनिश्चित गर' जस्ता नाराहरू प्रदर्शनमा लागेका थिए।

झप्सी खोलाबाट सुरु भएको जुलुस बर्दिबासको मुख्यबजार क्षेत्र परिक्रमा गर्दै सिन्धुली रोड चोकमा पुगेर कोणसभामा परिणत भएको थियो।

कोणसभालाई सम्बोधन गर्दै भूमि अधिकार मञ्चका केन्द्रीय महासचिव फौदसिंह स्याङ्वाले भूमिहीन परिवारलाई उचित व्यवस्थापन नगरेसम्म सुकुमवासी बस्तीमा डोजर प्रयोग नगर्न माग गरेका थिए।

मञ्च महोत्तरीका अध्यक्ष नेत्रबहादुर कार्की (बलराम)ले भूमि अधिकार नदिएसम्म उठिबास गराउन खोजियो भने सरकार विरुद्ध चरणबद्ध कडा आन्दोलन गर्ने चेतावनी दिए।

उता रौतहटको चन्द्रनिगाहपुरमा समेत भूमि र आवासको अधिकार सुनिश्चित गर्न माग गर्दै भूमिहीन तथा सुकुमवासी परिवारले प्रदर्शन गरेका छन्। डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरबाट सुरु भएको ऱ्याली बजारका विभिन्न भाग परिक्रमा गर्दै कोणसभामा परिणत भएको थियो।

रौतहटमा पनि प्रदर्शनका क्रममा सहभागीले 'भूमि हाम्रो अधिकार हो', 'डोजर आतंक बन्द गर', 'सुकुमवासीलाई आवास सुनिश्चित गर' लगायतका नारासहित सरकारको ध्यानाकर्षण गराएका थिए।

कोणसभालाई सम्बोधन गर्दै राष्ट्रिय भूमि अधिकार मञ्च रौतहटका जिल्ला अध्यक्ष अनुप माझीले सरकारको डोजर अभियानका कारण भूमिहीन तथा सुकुमवासी परिवार त्रसित बनेको बताए।

उनले वास्तविक भूमिहीन र सुकुमवासीको पहिचान गरी सुरक्षित बसोवास तथा लालपुर्जा वितरणको प्रक्रिया अघि बढाउन सरकारसँग माग गरेका थिए।

# एसईई नतिजामा सरकारको छलाङः एक महिनामै नतिजा

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २७ गते**

'गऱ्यो भने त सकिने रहेछ नि ।' माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा एक महिनाभित्र सार्वजनिक हुने भएपछि अधिकांशले सामाजक सञ्जालमा गरेको टिप्पणी हो यो।

अघिल्ला वर्षमा नतिजा सार्वजनिक गर्न ३ महिना लाग्ने गरेको थियो। राष्ट्रिय परीक्षा बोर्डको क्यालेन्डरअनुसार असार दोस्रो साता नतिजा सार्वजनिक हुने गरेको थियो।

तर, बालेन शाह नेतृत्वको सरकार बनेपछि एक महिनामा नतिजा सार्वजनिक गर्ने निर्णय भयो। सोहीअुनसार बोर्डले २०८२ को एसईई नतिजा अबको दुई दिनभित्र सार्वजनिक गर्ने भएको छ।

बोर्डले इन्ट्रीको काम सकेर कुनै त्रुटि हुन नदिन रुजुको काम गरिरहेको छ। 'नतिजा सार्वजनिकको नजिक आइपुगेका छौँ। पर्सिसम्म आउँछ। आईटीले काम गरिरहेको छ,' परीक्षा नियन्त्रक टुकराज अधिकारीले भने, 'त्रुटि नहुने गरी नतिजा सार्वजनिक गर्छौं।'

यस पटक जहाँ परीक्षा, त्यहीँ उत्तरपुस्तिका परीक्षण भएको थियो। जसका कारण एक महिनामा नै नतिजा सम्भव भएको हो। परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण गरिएकाले छिटो नतिजा सार्वजनिक गर्न सम्भव भएको बताउँछन् नियन्त्रक अधिकारी।

'शिक्षक साथीहरूको राम्रो सहभागिता रह्यो। परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण भयो। रणनीति परिवर्तन हुँदा नतिजा छिटो सार्वजनिक गर्न लागेका हौँ,' उनले भने।



आईटीले काम सकेपछि बोर्ड बैठक बोलाउने तयारी छ। बोर्ड बैठक बसेपछि नतिजा सार्वजनिक गरिने छ। 'आईटीले काम सकियो भनेपछि बोर्ड बैठक बस्छ,' नियन्त्रक अधिकारीले भने।

नतिजा समयमा सार्वजनिक गर्नका लागि ३० जनाभन्दा बढी कर्मचारी खटिएका छन्। परीक्षा नियन्त्रण कार्यालयका अनुसार सार्वजनिक बिदाको दिनसमेत कर्मचारीले काम गरेका छन्।

ढिला नतिजा आउँदा विद्यार्थीमा मनोवैज्ञानिक असर पर्नुका साथै ब्रिज कोर्स जस्ता कक्षा सञ्चालन गरेर विद्यार्थीलाई अनावश्यक तनाव दिने गरेको गुनासो आउने गरेको थियो।

विद्यार्थीलाई मनोवैज्ञानिक तनाव नदिन एक महिनामा नतिजा सार्वजनिक गर्ने निर्णय गरेको शिक्षा मन्त्री सस्मित पोखरेलले बताउँदै आएका छन्। सरकारले एसईईपछिको ब्रिज कोर्सका कार्यक्रम सञ्चालनमा पनि रोक लगाएको छ।

विद्यार्थीको रुचिअनुसार कसैले खेलकुद, कसैले म्युजिक सिकुन् भन्ने उद्देश्य सरकारको हो। नतिजाको लागि ३ महिना कुर्नुपर्ने बाध्यता हटेकोमा शिक्षक र विद्यार्थी उत्साहित देखिएका छन्।

'विद्यार्थीले नतिजाको लागि धेरै समय कुर्नु परेन। ब्रिज कोर्स पनि जानु परेन। शिक्षक र विद्यार्थी उत्साहित छन्,' प्रिन्सिपल एसोसिएसनका अध्यक्ष सुदाम गौतमले भने, 'नतिजा आएपछि कक्षा पनि छिट्टै सञ्चालन गर्नुपर्छ। समयमा नतिजा, समयमा कक्षा भयो भने राम्रो सन्देश जान्छ।'

एसईई गत चैत १९ देखि २९ सम्म सञ्चालन भयो। परीक्षा सकिएलगत्तै काठमाडौं गोकर्णेश्वरका कृतक पौडेल फ्रेस हुन ट्रेकिङ गए। परीक्षा सकिएको दोस्रो साता उनी गोसाइँकुण्ड ट्रेकिङ गएका हुन्।

'सरकारले ब्रिज कोर्स पनि हटायो। एसईई सकेलगत्तै पढ्नु परेन। त्यसैले ट्रेकिङ गएको हुँ। तनाव पनि भएन,' उनले अनुभव सुनाए।

सईईको नतिजाका लागि ३ महिना कुर्नु नपर्ने भएकोमा उनी खुसी छन्। 'पहिला ३ महिना कुर्नुपर्थ्यो। ३ महिना के गरेर बस्ने भन्ने हुन्थ्यो। यस पटक एक महिनामा नतिजा आउने भएपछि समय खेर नजाने भयो। नतिजा आएपछि पढ्न राम्रो हुन्छ,' उनले भने। नतिजा आएपछि कम्प्युटर विषय पढ्ने कृतकको योजना छ।

यसै वर्ष एसईई दिएका भक्तपुरका शान न्यौपानेलाई एक महिनामै 'बोर' लागिसकेको छ। एसईई सकाएपछि उनले पनि धेरै समय घुमफिरमै बिताए।

'एक महिनामै त बोर लागिसक्यो। नतिजा आउन ३ महिना लागेको भए त गाह्रो हुने रहेछ,' उनले भने, 'एसईई सकाएपछि भक्तपुर घुमेँ। झापा गएँ। गेम खेलेँ। फिल्म हेरेँ। एसईईमा जस्तो पढ्नु पर्छ भन्ने तनाव भएन।'

अब विज्ञान विषय पढ्ने तयारीमा छन् उनी। कृतक र शान मात्र होइन, धेरैजसो विद्यार्थी छिटो नतिजा आउन लागेकोमा उत्साहित छन्। यस वर्ष परीक्षाका लागि ५ लाख १२ हजार ४२१ जना विद्यार्थीले फारम भरेका थिए। जसमा नियमिततर्फ चार लाख ४१ हजार ५६६ जनाले र ग्रेड वृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षाका लागि फारम भरेका थिए। जसमा दुई लाख ५७ हजार ६१३ छात्रा, दुई लाख ५४ हजार ८०१ छात्र र अन्य ७ जना छन्।


# रौतहटका डिभिजन प्रमुख साहविरुद्ध भ्रष्टाचार, काठ तस्करी, घुसखोरी तथा वन विनाशमा उजुरी

**अपन दैनिक संवाददाता**
**रौतहट, वैशाख २७ गते**

डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त साहविरुद्ध भ्रष्टाचार, काठ तस्करी, घुसखोरी तथा वन विनाशमा संलग्नता रहेको आरोप लगाउँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगसहित विभिन्न निकायमा उजुरी दिइएको छ।

चुरे तथा वनजंगल संरक्षण अभियानी सुनिल कुमार यादवले बिहीबार हुलाक कार्यालय जनकपुरधाम मार्फत अख्तियार सहित विभिन्न निकायमा उजुरी दिँदै डिभिजन वन कार्यालय रौतहटका प्रमुख साहविरुद्ध उजुरी पठाउका हुन्।

साहमाथि वन ऐन विपरीत कार्य, सरकारी सम्पत्तिको दुरुपयोग, सामुदायिक वनको रकम हिनामिना तथा वन क्षेत्र फडानीमा संलग्नता रहेको आरोप उजुरीमा रहेको छ।



अभियानी यादवले अख्तियार दुरुपयोग अनुसन्धान आयोग केन्द्रीय कार्यालय काठमाडौँ सहित, क्षेत्रीय कार्यालय बर्दिवास, हेटौँडा र राष्ट्रिय सर्तकता केन्द्र काठमाडौँ तथा प्रधानमन्त्रीको सचिवालय सिंहदरबारमा उजुरी पठाएका हुन्।

साह महोत्तरीमा डिभिजनल वन अधिकृत (डीएफओ) रहँदा नै अख्तियारले छानबिन गरी विशेष अदालतमा मुद्दा दायर गरेको थियो। उक्त मुद्दा हाल सर्वोच्च अदालतमा विचाराधीन रहेको उल्लेख गर्दै अहिले रौतहटमा समेत उनले 'लुट मच्चाएको' दाबी उजुरी छ।

सर्वसाधारणलाई सहुलियत दरमा काठ उपलब्ध गराउने व्यवस्था भए पनि डीएफओ साहले काठ आपूर्ति समितिबाट जनतालाई काठ नदिई विभिन्न स:मिल व्यवसायीसँग मिलेमतो गरी गोप्य टेन्डरमार्फत कम मूल्यमा काठ बिक्री गरेको आरोप अभियानी यादवले लगाएका छन्। प्रति क्यू फिट काठमा ५०० देखि १००० रुपैयाँसम्म कमिशन लिएर बिक्री गरेको दाबी उजुरीमा गरिएको छ।

त्यसैगरी विभिन्न सामुदायिक वनको दिगो वन व्यवस्थापन कार्ययोजना निर्माणका लागि आएको करिब २० लाख रुपैयाँ अनियमित ढंगले फिर्ता लिई दुरुपयोग गरेको, हातेमालो तथा तिलेश्वरनाथ सामुदायिक वनको खाताबाट रकम दुरुपयोग गरेको भन्दै बैंक स्टेटमेन्ट र अडिट रिपोर्ट झिकाई विस्तृत अनुसन्धान गर्न समेत माग गरिएको छ।

गैँडाटार क्षेत्रमा करिब ५ हेक्टर जमिनको सिसौको रुख कटान गरी लाखौँ रुपैयाँ घुस लिएको, नुनथर पर्यटन क्षेत्रमा नियम विपरीत जिप लाइन निर्माण गराएको, नमूना सामुदायिक वनको हजारौँ क्यू फिट सालको काठ तस्करी गराएको तथा प्रमाण नष्ट गर्न आगजनीसमेत गराएको आरोप समेत उजुरीमा उल्लेख छ।

उजुरी पठाए लगतै संचारकर्मीहरू सँग कुरा गर्दै अभियानी यादवले पटक पटक उजुरी परेको र भ्रष्टाचार मुद्दा खेपिरहेका कर्मचारीलाई एउटै जिल्लामा वर्षौंसम्म राख्ने सरुवा भएपनि पुनः सोही कार्यालयमा फर्काउने क्रियाकलापविरुद्ध मधेस प्रदेशको वन तथा वातावरण मन्त्रालयमाथि पनि प्रश्न उठाएको छ।

## स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं।
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं।
- तोकिएको स्थानमा मात्र फोहोर फालौं।
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं।
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं।
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं।
- ध्वनि र वायु प्रदूषण कम गरौं।
- सडकको समयसमयमा मर्मतसम्भार गरौं।
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं ।

विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर
मधेश प्रदेश, सिरहा (नेपाल)